# महाकाली नगरपालिका दार्चुलाको उर्जा विकास सम्बन्धी कार्यविधि, २०७५

नगर प्रमुख

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दार्चुला

स्वीकृत मिति २०७५/०९/०७

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ खण्ड (ध) को बुंदा नं. ३ को कार्यान्वयन सहजीकरणका लागि स्थानीय तहबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमति पत्र जारी गर्ने उद्देश्यले यो स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी कार्यविधि तयार गरी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी जारी गरिएकोछ ।

## परिच्छेद १ प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"महाकाली नगरपालिका दार्चुलाको उर्जा विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिले तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधिले विद्युत सर्वेक्षण, विद्युत उत्पादन, विद्युत वितरणको अनुमति पत्र जारी गर्ने, संशोधन गर्ने, नवीकरण गर्ने वा खारेज गर्ने काम कारवाहीलाई व्यवस्थित वनाउने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पदर्छ ।

(ख) "जलविद्युत" भन्नाले पानीबाट उत्पादन हुने विद्युत शक्ति सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी आयोजना सम्झनु पदर्छ ।

(घ) "कार्यालय" भन्नाले आयोजना संचालन हुने सम्बन्धित स्थानीय तहको कार्यालय सम्झनु पदर्छ ।

(ङ) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

(च) "प्रवर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पदर्छ ।

(छ) "कार्यविधि" भन्नाले स्थानीय ऊर्जा विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनु पदर्छ ।

(ज) "सर्वेक्षण" भन्नाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि गरिने सर्वेक्षणको कार्य सम्झनु पर्छ र सो शब्दले सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउँछ ।

(झ) "विद्युतको उत्पादन, प्रसारण वा वितरण" भन्नाले विद्युतको उत्पादन, प्रसारण वा वितरणसंग सम्बन्धित संरचनाहरुको निर्माण, संचालन तथा मर्मत संभार सम्झनुपर्छ ।



नगर प्रमुख

(ञ) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित उर्जा विकास तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ट) "अनुमतिपत्र" भन्नाले यस कार्यविधि बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(ठ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ड) "आधिकारिक व्यक्ति भन्नाले प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिले तोकेको आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

## परीच्छेद २

**३. उर्जा विकास तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :–** (१) महाकाली नगरपालिका भित्र सर्वेक्षण तथा संचालन गरिने १००० कि.वा. क्षमता सम्मका जलविद्युत आयोजनाहरु संचालन तथा व्यवस्थापन गर्न उर्जा विकास तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) महाकाली नगरपालिकाको महाकाली नगरपालिकाको उर्जा विकास तथा व्यवस्थापन समिति देहाय बमोजिम गठन हुनेछन ।

(क) नगर प्रमुख ................................................... अध्यक्ष

(ख) उपप्रमुख .................................................. सदस्य

(ग) स्थानीय जलस्रोत अवस्थित वडाको वडा अध्यक्ष ...... सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत ................................ सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको
ईलेक्ट्रोनिक ईन्जिनीयर वा उर्जा बिशेषज्ञ १ जना ........ सदस्य

(च) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख .......... सदस्य

(छ) योजना तथा अनुगमन उपशाखा प्रमुख ............... सदस्य–सचिव

(३) कार्यविधिको दफा २ बमोजिम गठन गरिएको समितिमा अन्य बिषय बिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(४) महाकाली नगरपालिकाको उर्जा विकास तथा व्यवस्थापन समितिको वैठक सम्बन्धित कार्यविधि समिति स्वयम्ले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. १००० कि.वा.सम्मको क्षमताका विद्युत आयोजनाहरुको सर्वेक्षणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** विद्युत् आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको सर्वेक्षणको अनुमतिपत्र देहाय बमोजिमको प्रक्रिया अनुसार अनुसूचि १ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ

(१) विद्युत् आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको सर्वेक्षणको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको कागजात तथा विवरणहरु सहित अनुसुची १ मा तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(क) रु ५० (पचास) हजार प्रति वर्षका दरले एकमुष्ट रु. १ (एक) लाख अनुमतिपत्र दस्तुर जम्मा गरेको बैंक भौचर,



०७८/०३/०८

नगर प्रमुख

(ख) अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको विस्तृत बाँडफाँड (Detail cost breakdown),

(ग) शुरुको २ वर्षमा गर्ने अध्ययनका कार्य सहित अध्ययन सम्पन्न गर्ने कार्यतालिका,

(घ) योजनाको हाईड्रोलोजिकल विश्लेषण खुल्ने गरी परामर्श दाता संस्थाबाट तयार पारेको अध्ययन प्रतिवेदन,

(ङ) नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखाङ्कन गरिएको स्थलगत नक्शा,

(च) संस्था दर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर दाखिलाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ.) उपदफा (३) र (४) बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात,

(ज) प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन लगायतको विवरण,

(झ) प्राविधिक कारणले प्रवर्द्धकलाई विद्युत सर्वेक्षण अनुमति दिन नसकिने भएमा दरखास्त बाफत बुझाईको दस्तुर रकम फिर्ता गरिनेछ ।

(२) जलविद्युत आयोजनाको जडित क्षमता देहाय बमोजिम निर्धारण गरिनेछ ।

(क) "अनुमतिपत्रमाग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स (Probability of Excedence) र Q40 (क्यू फोर्टी) लाई सामान्यतया आधार बनाउनेछ ।

(ख) प्रवर्द्धकले पेश गरेको हाईड्रोलोजिकल तथ्यांङ्क कार्यालयमा उपलब्ध आधिकारिक तथ्याङ्कसंग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।

(ग) विद्युत उत्पादन सम्बन्धी आयोजनाको जडित क्षमता तथा क्षेत्र निर्धारण गर्दा कार्यविधिको दफा ११ बमोजिम निर्धारण गरिनेछ ।

(३) प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न देहाय बमोजिम कागजपत्रहरु पेश गर्नु पर्नेछ ।

(क) दर्तावाल (Registered) चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु. दश लाख बराबरको खुद सम्पत्ति रहेको विवरण ।

०७८।०३।०८

नगर प्रमुख

(ख) एक भन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो कार्यालयले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता ।

(४) प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

**५. दरखास्तहरु जाँचबुझ सम्वन्धी व्यवस्था:**

(१) कार्यालयले रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिनेछ ।

(२) कार्यालयमा परेको दरखास्त दफा ४ को उपदफा (१), (२), (३) र (४) बमोजिम चेकजाँच गर्दा उल्लेखित आवश्यक कागजात तथा विवरणहरु प्राप्त नभए सम्म त्यस्ता दरखास्त उपर कारवाही अगाडि बढाउने छैन ।

(३) आवश्यक कागजात तथा विवरणहरु नपुग देखिएमा त्यस्ता दरखास्तवालालाई थप कागजपत्र पेश गर्न जानकारी गराउन सकिनेछ ।

**६. सर्वेक्षण अनुमतिपत्र दिने व्यवस्था :** विद्युत सर्वेक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) प्रर्वदकको तर्फवाट पेश गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश भएको मितिले ४५ (पैचालीस) दिन भित्र कार्यविधिको दफा ३ बमोजिम गठित समितिको सिफारिसमा अनुसूचि २ को ढाँचामा विद्युत सर्वेक्षण अनुमतिपत्र कार्यालयले जारी गर्नेछ ।

(२) विद्युत सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३ (तीन) वर्षको हुनेछ ।

(३) प्रवर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधि भन्दा कम हुने गरी जारी गरिनेछैन । शुरुको अवधि भित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्याद भित्रै प्रवर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दरखास्त पेश गरेमा दफा बमोजिम नवीकरण गर्न सकिनेछ ।

(४) सर्वेक्षण अनुमतिपत्र नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त नपरेमा वा तोकिएको अवधि भित्र कार्य प्रारम्भ नगरेमा अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

**७. सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्वन्धि व्यवस्था :** विद्युत सर्वेक्षण अनुमतिपत्र नवीकरण देहाय बमोजिम हुनेछ ।

(१) सर्वेक्षणं अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै रु ५० हजार (पचास हजार) दस्तुर जम्मा गरेको भौचर सहित अनुसूचि ७ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नु पर्नेछ ।

(२) सर्वेक्षण अनुमतिपत्रको (१) नवीकरण तथा म्याद थपका लागि दरखास्त दिदा यस कार्यविधिको अनुसूचीमा उल्लोखित फारमहरु भरी तथा विगतमा पेश गरेको कार्य तालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्य तालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।



०७५/०३/०८

नगर प्रमुख

(३) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रवर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट थप पुष्ट्याई लिन वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।

(४) सर्वेक्षण अनुमतिपत्र नवीकरण गर्न उर्जा विकास समितिको निर्णय भए अनुसार अनुमतिपत्र नवीकरण सम्बन्धी अभिलेख तयार गराई नवीकरण भएको व्यहोरा प्रमुख प्रशाकीय अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

(४) आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरण गरिनेछैन् ।

८. प्रवर्द्धकको मागको आधारमा आवश्यकता र औचित्यता तथा पुष्ट्याईको आधारमा एकै पटक विद्युत सर्वेक्षण विद्युत उत्पादन, विद्युत प्रसारण वा विद्युत वितरणको अनुमतिपत्र जारी गर्न मनासिब देखिएमा प्रक्रिया पुरा गरी अनुमतिपत्र जारी गर्न कार्यविधिले बाधा पुऱ्याएको मानिनेछैन् ।

## परिच्छेद–३

९. **१००० कि.वा. सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरण अनुमतिपत्र सम्बन्धी व्यवस्था:** (१) कुनै विद्युत् आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ :

(क) विद्युत् उत्पादनको अनुमतिपत्रको लागि दरखास्त साथ रु. २ दुई लाख अनुमतिपत्र दस्तुर बुझाएको भौचर ।

(ख) उपदफा ४ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी विवरण,

(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,

(घ) महाकाली नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन वा वातावरणीय प्रभाव मूल्यांकन (IEE/EIA) प्रतिवेदन र आयोजनाको बिस्तृत परियोजना प्रतिवेदन (DPR)

(ङ) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुने क्षेत्र तथा ग्राहकको विवरण

(च) प्रवर्द्धकको वित्तीय व्यवस्था सम्बन्धी देहाय बमोजिमका आवश्यक कागजातहरु हुनु पर्नेछन् ।

(१) आयोजनामा हुने स्वपूँजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी/विवरण,

(२) पछिल्लो आ.व. को लेखा परीक्षण गरिएको वित्तीय विवरण (Audited Financial Statement),

०७५/०३/०८

नगर प्रमुख

(३) आयोजनाको स्वपूँजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शेयर होल्डरहरुको स्वयंपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात का साथै बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण,

(४) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(छ) प्रवर्द्धक कम्पनीसंग सम्बन्धित कागजातहरु देहाय बमोजिम हुनेछन् ।

(१) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(२) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(३) कम्पनीको अद्यावधिक शेयर लागत अभिलेख,

(४) अघिल्ला दुई आ.ब. मध्ये एक आ.ब. को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(५) उद्योग दर्ताको प्रमाणपत्र, बैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत ।

(ज) अन्य विवरणहरु: .

(१) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा Coordinate सहितको सक्कल टोपो नक्शा,

(२) निर्माण कार्यको विस्तृत तालिका,

(३) आयोजनाको सम्भाव्यता अध्ययन/आयोजनाको Q40 मा गरिएको विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्साहरु (Design Drawings) तथा सोको विद्युतीय प्रति (Electronic Copy),

(४) अद्यावधिक शेयर लगतको विवरण र सोको विद्युतीय प्रति (Electronic Copy)

(२) उपदफा १ बमोजिम प्राप्त कागजपत्रहरु अध्ययन गरी प्रवर्द्धकलाई दफा ३ बमोजिम गठित समितिको निर्णय अनुसार अनुसूचि ४ बमोजिम तोकिएको ढाँचामा विद्युत उत्पादन अनुमतिपत्र दिईनेछ सो अनुमतिपत्र अभिलेख तयार गरी प्रमुख प्रशासकीय अधिकृतले जारी गर्नेछ र विद्युत जडान सम्झौता (Connection Agreement) गरिनेछ ।

(३) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रजारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(४) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै विद्युत् उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ । तर Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरिद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्थामा संशोधित सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भए



०८२/०३/०८

नगर प्रमुख

पश्चात् सोही क्षमताको लागि विद्युत् उत्पादनको अनुमतिपत्रको कारवाही अगाडि बढाइने सकिनेछ । यस अबस्थामा आयोजनाको क्षमता १ मे.वा. भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कार्यवाहीको लागि नेपाल विद्युत प्राधिकरणमा पठाईनेछ ।

(५) प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन कार्यविधिले बाँधा पुऱ्याईउको मानिनेछैन् । उक्त अनुमति पत्र जारी गर्दा कार्यविधिको अनुसूचिमा उल्लेखित विवरण सहितको अनुमति पत्र जारी गरिनेछ ।

(६) प्रवर्द्धकले विद्युत अनुमति पत्र प्राप्त गरी विद्युत जडान सम्झौता (Connection Agreement) समेत भए पश्चात दफा १ उल्लेखित कागजातहरु संलग्न राखी विद्युत खरिद सम्झौता (PPA- Power Purchase Agreement) गर्न नेपाल विद्युत प्राधिकरणमा सिफारिस गरी पठाईनेछ ।

(७) विद्युत उत्पादन तथा वितरण अनुमति पत्रको अवधि ३५ बर्ष रहनेछ । उक्त अवधि समाप्त भए पछि आयोजना चालु अवस्थामा नै नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

१०. **आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण :** (१) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताव गरी विभागमा कुनै दरखास्त परे नपरेको, वा केन्द्रिय स्तरमा कुनै आयोजना पहिचान भए नभएको एकिन गर्नका लागि कार्यालयले माग गरेको क्षेत्र खुलाई Technical Clearance का लागि सो सम्बन्धमा विद्युत विकास विभागको राय लिनु पर्नेछ । विभागले आयोजनाको Technical Clearance सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यालयले अनुमतिपत्रसम्बन्धी कारवाही अघि बढाउनेछ ।

(२) कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

(३) महाकाली नगरपालिकाले प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन तथा वातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विद्युत विकास विभागबाट आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

(४) आयोजनाको क्षमता यकीन गर्न (Overlapping-coordinate) जाँच गर्न विद्युत विकास विभागमा पठाईनेछ ।

११. **विद्युत उत्पादन तथा वितरण रोयल्टी सम्बन्धी व्यवस्था**

(१) विद्युत ऐन र नियमावलीको अधिनमा रही नियमानुसार बुझाउनु पर्ने रोयल्टी महाकाली नगरपालिकालाई बुझाउनु पर्नेछ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

०७८/०३/०८

नगर प्रमुख

## परिच्छेद –४ विवध

### १२. अनुमति रद्ध हुने अवस्था

(१) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले तीन वर्ष भित्र प्रवर्द्धकले निर्माण सम्पन्न गर्नु पर्नेछ । निर्माण कार्य सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन महाकाली नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) अत्पादन अनुमतिपत्र अनुसार कार्य सम्पन्न अवधि संशोधन गर्नु पर्ने भएमा उर्जा विकास समितिको निर्णय अनुसार हुनेछ सो निर्णय कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) महाकाली नगरपालिकाले दिएँको अनुमति बमोजिम कार्य सम्पादन नगरेमा, १ वर्ष भित्र निर्माण कार्य शुरु नगरेमा, बुझाउने पर्ने रोयल्टी नबुझाएमा र प्रचलित कानूनको उल्लंघन गरेमा प्रवर्द्धकको अनुमतिपत्र रद्ध गर्न सकिनेछ ।

### १३) कार्यविधि संशोधन सम्बन्धी व्यवस्था:

यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु पर्ने वान्छनीय भएमा नगरकार्यपालिकाबाट संशोधन वा थपघट गर्न सकिनेछ ।

### १४) खारेजी र बचाऊ

(१) एक मेगावाट सम्मको जलविधुत अनुमतिपत्र उपलव्ध गराउने गरी महाकाली नगरपालिकाबाट हाल सम्पादन भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

०७५/०३/०८

नगर प्रमुख

अनुसुची -१

(कार्यविधिको दफा ४ संग सम्बन्धि)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

महाकाली नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

मिति..........

बिषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धी दरखास्त

विद्युत उत्पादनको सर्वेक्षणको लागि महाकाली नगरपालिकाको उर्जा विकास सम्बीन्ध कार्यविधिको बमोजिम देहायको विवरणहरु समेत खुलाई यो विद्युत उत्पादनको सर्वेक्षण अनुमतिको लागि दरखास्त पेश गरेको छु ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :-

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :-

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भएमा जलस्रोतको नाम :-

४. सर्वेक्षण गर्ने क्षेत्रको स्थायी ठेगाना :-

क) जिल्ला    ख)नगरपालिका    ग) वडा नं.    घ) स्थान

ङ) पूर्व    पश्चिम    उत्तर    दक्षिण

५. सर्वेक्षणको प्रकृति :-

६. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. .......

(पुष्टयाई विवरण संलग्न गर्नु पर्नेछ )

७. सर्वेक्षण गर्ने अवधि :-

मिति ............... देखि मिति ............... सम्म

८. अन्य विवरणहरु :-

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए छाप दरखास्तवालाको

दस्तखत :-

नाम :-

ठेगाना :-

मिति :-

नगर प्रमुख

अनुसुची -२
(कार्यविधिको दफा ६ संग सम्बन्धि)

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बिषय**– विद्युत सर्वेक्षण अनुमतिपत्र

अनुमतिपत्र नम्बर:

अनुमतिपत्र जारी मितिः........

श्री.............................. ................................

महाशय

विद्युत उत्पादन सर्वेक्षण अनुमति पाउन मिति................. महाकाली नगरपालिका समक्ष दिनु भएको दरखास्त अनुसार महाकाली नगरपालिकाको उर्जा विकास सम्बन्धी कार्यविधि २०७५ को दफा ३ बमोजिम गठित उर्जा विकास मितिको मिति ..................... को निर्णय र कार्यविधिको दफा ६ अनुसार जलविद्युत सर्वेक्षण सम्बन्धी यो अनुमतिपत्र प्रदान गरिएको छ । प्रचलित कानुन बमोजिम कार्य सञ्चालन गर्नु होला ।

१. विद्युत उत्पादन सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :-
२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :-
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम : :-
४. सर्वेक्षण गर्ने क्षेत्रको स्थायी ठेगाना :-

| | | | |
|---|---|---|---|
| क) जिल्ला | ख) नगरपालिका | ग) वडा नं. | घ) स्थान |
| ङ) पूर्व | पश्चिम | उत्तर | दक्षिण |

५. सर्वेक्षणको प्रकृति :-
६. अनुमतिपत्र बहाल रहने अवधि :-
मिति ............... देखि मिति ............... सम्म
७. अन्य शर्तहरु :-

अनुमतिपत्र दिने अधिकारीको
दस्तखत :-
नाम :-
पद :-
मिति :-

०७८/०३/०८
नगर प्रमुख

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुची -३

(कार्यविधिको दफा ९ संग सम्बन्धि)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू                                                    मिति

महाकाली नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

बिषयः **विद्युत उत्पादन/प्रसारण/वितरणको अनुमतिपत्रको दरखास्त**

विद्युतको उत्पादन गर्न लागेकोले महाकाली नगरपालिकाको उर्जा विकास सम्बन्धी कार्यविधि बमोजिम देहायका विवरणहरु खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. विद्युतको उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना :-

२. विद्युत परियोजनाको नाम :-

३. विद्युत उत्पादन हुने क्षमता :–

४. विद्युत शक्ति उत्पादन गर्ने साधन :-

५. जलस्रोतको उपयोग गरिने भएमा :-

(क) नदीको नाम :-

(ख) जलस्रोत उपयोग गरिने क्षेत्रको ठेगाना:

जिल्ला          नगरपालिका          वडा नं.          स्थान

पूर्व          पश्चिम          उत्तर          दक्षिण

(ग) प्रयोग गरिने जलस्रोतको परिमाण :-

६. मुख्य मुख्य संरचनाहरुको विवरण तथा रहने स्थान :-

७. विद्युत वितरणको भोल्टेज र परिमाण :-

८. कार्य शुरु गर्ने मिति :-

९. कार्य समाप्त गर्ने मिति :-

१०. अन्य विवरणहरु :-

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए छाप दरखास्तवालाको

दस्तखत :-

नाम :-

पद :–

ठेगाना :-

मिति :-

नगर प्रमुख

अनुसुची - ४

(कार्यविधिको दफा ९ संग सम्बन्धित)

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**बिषय– विद्युत उत्पादन अनुमतिपत्र**

दर्ता नम्बर:

दर्ता मिति:

श्री.............................. ...................

महाशय

विद्युत उत्पादनको लागि अनुमति पाउन मिति................. महाकाली नगरपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली महाकाली नगरपालिकाको उर्जा विकास सम्बन्धी कार्यविधि २०७५ को दफा ९ बमोजिम गठित उर्जा विकास समितिको मिति ............ को निर्णय र कार्यविधिको दफा ९ को उपदफा २ अनुसार जलविद्युत उत्पादन सम्बन्धी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगााना :-

२. विद्युत परियोजनाको नाम:

३. विद्युत उत्पादन केन्द्रहरुको विवरण (प्रत्येक केन्द्रको नाम) :-

(क) जडित क्षमता (किलोवाटमा) :-

(ख) अनुमानित वार्षिक उत्पादन (किलोवाटमा) :-

(ग) कमिशनिङ्ग भएको मिति :-

(घ) विद्युत उत्पादनमा प्रयोग भएको साधन :-

(ङ) जलस्रोतको उपयोग भएको भए जलस्रोतको नाम (नदी, खोला) :-

(च) जलस्रोत उपयोग गर्न पाईने क्षेत्र:–

अ) प्रदेश आ) जिल्ला

इ) नगरपालिका

ई) पूर्व पश्चिम उत्तर दक्षिण

(छ) विद्युत केन्द्र रहेको स्थान स्थायी ठेगाना :-

(ज) प्रयोग गरिने जलस्रोतको परिमाण (Discharge)

अनुमुमतिपत्र दिने अधिकारीको

दस्तखत :-

नाम :-

पद :–

मिति :-

नगर प्रमुख

अनुसुची - ५
(कार्यविधिको दफा ९ संग सम्बन्धित)
महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बिषय– विद्युत प्रसारण अनुमतिपत्र**

दर्ता नम्बर:

दर्ता मिति:

श्री.............................. ...................

महाशय

विद्युत प्रसारणको लागि अनुमति पाउन मिति................. महाकाली नगरपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली महाकाली नगरपालिकाको उर्जा विकास सम्बन्धी कार्यविधि २०७५ को दफा ९ बमोजिम गठित उर्जा विकास समितिको मिति ................ को निर्णय र कार्यविधिको दफा ९ को उपदफा २ अनुसार जलविद्युत प्रसारण सम्बन्धी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत प्रसारण गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाााना :-

२. विद्युत परियोजनाको नाम:

३. विद्युत उत्पादन केन्द्रहरुको प्रसारण गरिने क्षेत्र :-

क) प्रदेश ख) जिल्ला

ग) नगरपालिका

घ) पूर्व पश्चिम उत्तर दक्षिण

४. विद्युत प्रसारणको विवरण (प्रत्येक लाइनको) :-

(क) नाम :-

(ख) भोल्टेजको स्तर :-

(ग) तारको साइज :-

(घ) प्रसारण गर्न सक्ने क्षमता :-

(ङ) सम्बन्धित सब स्टेशनहरुको भोल्टेज र जडित ट्रान्सफरमरहरुको क्षमता:-

(च) प्रसारण शुरु गरेको मिति :-

(ज) प्रयोग गरिने जलस्रोतको परिमाण (Discharge)

अनुमुमतिपत्र दिने अधिकारीको

दस्तखत :-

नाम :-

पद :–

मिति :-

नगर प्रमुख

अनुसुची - ६
(कार्यविधिको दफा ९ संग सम्बन्धित)
महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बिषय– विद्युत वितरण अनुमतिपत्र**

दर्ता नम्बर:

दर्ता मिति:

श्री.............................. ...................

महाशय

विद्युत वितरणको लागि अनुमति पाउन मिति.................. महाकाली नगरपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली महाकाली नगरपालिकाको उर्जा विकास सम्बन्धी कार्यविधि २०७५ को दफा ९ बमोजिम गठित उर्जा विकास समितिको मिति ............ को निर्णय र कार्यविधिको दफा ९ को उपदफा २ अनुसार जलविद्युत वितरण सम्बन्धी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत वितरण गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगााना :-
२. विद्युत परियोजनाको नाम:
३. विद्युत वितरणको विवरण :-
    (क) वितरण हुने क्षेत्रको स्थायी ठेगाना :-
    (ख) विद्युत क्षमाता :–
    (ग) वितरणको भोल्टेज :-
४. वितरण ट्रान्सफरमरहरुको कूल क्षमता :-
५. ग्राहकको संस्था :
    (क) गार्हस्थ :    (ख) औद्योगिक :
    (ग) व्यापारिक :    (घ) .........
    जम्मा
६. औसत बिक्री दर :-
७. वितरण शुरु गरेको मिति :
८. अनुमतिपत्र बहाल रहने अवधि :-
९. अन्य शर्तहरु :

अनुमुमतिपत्र दिने अधिकारीको
दस्तखत :-
नाम :-
पद:–
मिति :-

नगर प्रमुख

अनुसुची - ६

(कार्यविधिको दफा ७ संग सम्बन्धित)

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

महाकाली नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

मिति..........

विषयः **विद्युत सर्वेक्षण अनुमति नवीकरण सम्बन्धमा ।**

उपरोक्त अनुमतिपत्रको म्याद यहि मिति ......................... मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य सम्पन्न गर्नको लागि संलग्न तालिका सहित सो को म्याद ...................... सम्म थप हुन तथा .......... ............... ................. .................. ............... ................. .............. ................. ..................... ................. ................ .................. ................ ................ ................ ................ .................. .................. ............... ................. ..................... ..................... को लागि आवश्यक दस्तरु र निर्दिष्ट विवरण सहित दरखास्त गर्दछु ।

साथै म/हामी यो प्रतिवद्धता गर्दछु/गर्दछौ कि संलग्न फारममा उल्लेख भए अनुसारका सवै विवरणहरु सत्य/तथ्यमा आधारित छन् र संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी वर्ष सम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेख्य प्रगति गर्न नसकेमा प्रचलित नियम, कानून तथा अनुमतिपत्रको (म्याद थप हुँदाका समेत) शर्तहरु अनुसार अनुमतिपत्ररद्ध सम्मको कारवाही हुन गएमा मेरो/हाम्रो कुनै गुनासो रहने छैन ।

निवेदक वा अख्तियार प्राप्त व्यक्तिको

हस्ताक्षर.......................... कम्पनीको छाप

नाम...............................

**नोटः** *प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुनु अनिवार्य छ । विवरणहरु यहि ढाँचामा सफा टाइप गरिएको हुनु पर्नेछ ।*

जलविद्युत सर्भेक्षण अनुमतिपत्रको म्याद थप (नवीकरण)को दरखास्तका साथ पेश गर्नु पर्ने विवरणहरु

१५

नगर प्रमुख

## फारम नं. क : आयोजना सम्बन्धी संक्षिप्त विवरण

| | |
|---|---|
| अनुमति पत्र दर्ता नं. | |
| अनुमति पत्र जारी मिति | |
| आयोजनाको नाम तथा क्षमता | |
| खोलाको नाम | |
| स्थायी ठेगाना एवं कोअर्डिनेट | |
| प्रर्वद्धकको नाम तथा ठेगाना (पो.ब.नं., इमेल, टेलिफोन, र फ्याक्स भएमा सो समेत) | |
| यस अघिको म्याद थप विवरण | मिति ........... देखि मिति .......... सम्म |
| पछिल्लो पटक म्याद थप हुँदाका शर्त तथा निर्देशनहरु | |
| हाल सम्म पेश भएका प्रतिवेदनहरु | |
| **कार्यालय प्रयोजनको लागि मात्र:** | |

## फारम नं. ख : हालसम्म सम्पन्न भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण

| कार्य तथा गतिविधि | हाल सम्मको प्रगति | |
|---|---|---|
| | संक्षिप्त विवरण | सम्पन्न प्रतिशत |
| Topographical Survey and mapping | | |
| Hydrological Studies | | |
| Sediment Sampling and Analysis | | |
| Surface Geological Mapping (Including discontinuity surveys and rock mass classification) | | |
| Geotechnical Investigations (Test pits/adits; refraction/resistivity surveys; drilling etc.) | | |
| Construction Material Survey | | |
| Seismological Studies | | |
| Design and Optimization | | |
| Project Evaluation | | |
| **कार्यालय प्रयोजनको लागि मात्र:** | | |

**द्रष्टव्यः**

*१. कार्य शुरु मात्र गरिएको वा शुरु नै नभएको अवस्थामा प्रतिशतको महलमा सोही बमोजिम जनाउने*

*२. माथि दिइएको स्थान यथेष्ट नभए यही ढाँचाको पाना थप गरी दुई पृष्ठमा नबढाइ विवरण दिन सकिने छ। फाराम ग देखि ङसम्मको हकमा समेत सोही बमोजिम गर्न सकिनेछ।*



०७८/०५/०८

नगर प्रमुख

**फारम नं. ग : वातावरणीय अध्ययन लगायत अन्य कार्यमा हालसम्म सम्पन्न प्रगतिको विवरण**

| कार्यहरु | हाल सम्मका प्रगति संक्षिप्त विवरण (मिति सहित) |
|---|---|
| IEE/EIA को ToR | |
| वातावरणीय अध्ययनको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन/सार्वजनिक सुनुवाई | |
| IEE/ EIA Report | |
| अन्य अध्ययन तथा कार्यहरु | |
| **कार्यालय प्रयोजनको लागि मात्रः** | |

**फारम नं. घः पछिल्लो वर्ष सम्पन्न भएका मुख्य कार्यहरुको विवरण**

| कार्य | कार्य प्रगति संक्षिप्त विवरण |
|---|---|
| | |
| | |
| | |
| पछिल्लो वर्ष पेश गरेका प्रतिवेदनहरु | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | |

**फारम नं. ङ : आगामी वर्ष गरिने कार्यहरुको कार्य तालिका**

| कार्य | लक्ष्य | |
|---|---|---|
| | संक्षिप्त विवरण | उक्त अवधिको अन्तसम्म सम्पन्न हुने कूल प्रतिशत |
| | | |
| | | |
| गरिने आगामी वर्षपेश प्रतिवेदनहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

**द्रष्टव्यः** *कार्य तालिका MS Project,Prima Vera वा त्यस्तै स्तरका Software बाट तयार गरी संलग्न गर्न सकिने छ । तथापि माथिको तालिका पूर्ण रुपमा भर्नु पर्नेछ ।*

०८२/०३/०८

नगर प्रमुख